# प्रेस विज्ञप्ति- २३६
# Press Release-236

लागू औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ
मिति: २०७५।०८।२७ गते।

## लागू औषध खैरो हेरोईन र गाँजा सहित ५ जना मानिस पक्राउ

मिति २०७५/०८/२५ गते लागू औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा जिल्ला कैलाली लम्की चुहा नगरपालिका वडा नं. ११ ठेगाना भएका वर्ष २४ को सुरेन्द्र शाहलाई **लागू औषध खैरो हेरोईन ९ (नौ) ग्राम** सहित जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा नं. १० बानेश्वरबाट पक्राउ गरिएको छ।

साथै मिति २०७५।०८।२५ गते २२:२५ बजेको RA239 को उडान द्वारा कतारको दोहा जान लागेका जिल्ला मोरङ ग्रामथान गाउँपालिका वडा नं. ७ वनिगाउँ बस्ने पा.पो.नं. ०९१६३७४५ वाहक वर्ष ३२ को मानसिंह सरदार थारुलाई निजले साथमा लैजान लागेको खैरो रंगको सुटकेश भित्र लुकाई राखेको **लागू औषध गाँजा १ के.जी.** सहित त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरबाट लागू औषध नियन्त्रण व्यूरोको टोलीले पक्राउ गरेकोमा अनुसन्धान गर्दै जाँदा उक्त लागू औषध कतार पठाउने कार्यमा संलग्न जिल्ला सुनसरी ईटहरी न.पा.वडा नं. ४ मनकामना टोल बस्ने बर्ष ३३ को विजय भन्ने हेम नारायण यादव , ऐ.ऐ. बस्ने बर्ष ४२ को प्रेम निरौला र ऐ.वडा नं. ३ देवस्थान बस्ने बर्ष ३१ को सविन खनाल समेत जना ३ लाई मिति २०७५।०८।२६ गते ईटहरीबाट पक्राउ गरी यस कार्यालयमा ल्याई थप अनुसन्धान भईरहेको छ।

निजहरु उपर यस व्यूरोबाट आवश्यक अनुसन्धान कार्य भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध ।

•••

